# बारा जिल्ला अदालत

(कलैया, बारा)

☎ :- ०५३-५५१९५०
🖷 :- ५५०८६२-०५३
Email:
info.dcbara@supremecourt.gov.np

पत्र संख्या: ०७७/०७८
प्राप्त पत्र संख्या र मिति:
चलानी नं. ६९२.

प्रशासन

मिति: २०७७/०५/३१

## सूचना सूचना सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को जोखिम र स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी यस अदालतबाट हुने काम कारवाही संकुचन र विस्तार गरिदै आएकोमा बारा जिल्लामा कायम रहेको अनिश्चितकालिन निषेधाज्ञा केही मात्रामा खुकुलो भएको र अन्य सरकारी कार्यालय समेत संचालनमा आएको अवस्थामा छ। यसै सन्दर्भमा यस अदालतबाट हुने सेवा प्रवाह सन्दर्भमा यस अदालतमा मिति २०७७/५/३० मा बार वेन्चको बैठक एवं उच्च अदालत जनकपुर अस्थायी इजलास बीरगंजका मुख्य भई काम गर्ने माननीय न्यायाधीशज्यूको समन्वय र सहमती बमोजिम संक्रमणको जोखिम न्यूनिकरण गर्न निर्धारित सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्दै मिति २०७७/६/०१ देखि देहाय बमोजिमका सेवा प्रवाह हुने व्यवस्था मिलाइएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

१. फिरादपत्र, प्रतिउत्तरपत्र, निवेदन एवं पुनरावेदन दर्ता (सिमित रुपमा)
२. फैसला कार्यान्वयन तर्फ निवेदन दर्ता समेतका कार्य,
३. मुलुकी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको निवेदन
४. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदन,
५. पक्राउ पुर्जी अनुमती, कल डिटेल अनुमती र जरुरी पक्राउ पुर्जी समर्थन सम्बन्धी कार्यहरु,
६. अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमती दिने (म्याद थप गर्ने)
७. अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने, थुनछेक आदेश, न्याय

सम्पादन र सुनुवाई समेतका कार्य,

८. मुद्दा मिसिलापत्र र फिर्ता गर्ने कार्य,

९. अर्ध न्यायिक निकायले गरेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिमको आदेश उपरका निवेदन सुनुवाई,

१०. तोकिएको तारेख लिने कार्य, बकपत्र गराउने कार्य,

११. मुद्दा अंग पुगीसकेका फैसला हुन बाँकी रहेका थुनुवा भएका मुद्दाहरुको सुनुवाई एवं कुनै प्रतिवादी थुनामा र कुनै प्रतिवादी तारेखमा रहेको मुद्दाको हकमा तारेखमा रहेका प्रतिवादीहरु उपस्थित भई सुनुवाईको लागि अनुरोध गरेमा त्यस्ता मुद्दाहरुको सुनुवाई,

१२. सम्पत्ति रोक्का र फुकुवा सम्बन्धी निवेदनको सुनुवाई,

१३. विशेष प्रकारका निवेदनहरुको दर्ता र कारवाही (अधिकृत वारेसनामा, धर्मपुत्र धर्मपुत्री, संरक्षत्व प्रदान, विवाह दर्ता)

१४. तारेखमा उपस्थित हुनेहरुको लागि तारेख दिने कार्य,

१५. हदम्याद, म्याद, तारेखमा उपस्थित हुनुपर्ने अवस्थाका मुद्दाहरुमा मिति २०७७/०६/०१ गतेदेखि सम्पूर्ण यातायातका सवारी साधन सञ्चालन हुने भएको हुँदा सेवाग्राहीहरु २०७७/०६/०१ गतेदेखि बाटाका म्याद बाहेक ३० दिनभित्र उपस्थित भई सेवा लिन सक्नेछन।

अधिकृत
रा.प. तृतीय